## सूचना ७

## संवत् २०८३ सालको गठन आदेश (नेराप) नम्बर ९

## <u>नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८३</u>

नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति (गठन) आदेश, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस आदेशको नाम "नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति (गठन) आदेश, २०७७</u>** <u>को दफा ३ मा संशोधन</u> : नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति (गठन) आदेश, २०७७ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ का उपदफा (४), (५) र (६) झिकिएका छन्।

३. **<u>मूल आदेशमा दफा ३क. थप</u>** : मूल आदेशको दफा ३ पछि देहायको दफा ३क. थपिएको छ :-

"३क. <u>पदमुक्त हुने</u> : (१) यस आदेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को उपदफा (२) को खण्ड (क), (ग), (घ), (ङ) र (च) बमोजिम मनोनीत अध्यक्ष र सदस्यहरू तथा दफा ९ बमोजिम नियुक्त कार्यकारी निर्देशकको मनोनयन वा नियुक्ति गर्दा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जुनसुकै सर्त, सुविधा र पदावधि तोकिएको भए तापनि यो आदेश प्रारम्भ भएपछि त्यस्ता अध्यक्ष, सदस्यहरू र कार्यकारी निर्देशक कार्यरत रहेको पदबाट स्वतः पदमुक्त हुनेछन्।

(२) उपदफा (१) बमोजिम पदमुक्त भएका पदाधिकारीलाई मन्त्रालयको सचिव वा निजले अख्तियारी दिएको अधिकारीले पदमुक्त भएको सूचना दिनेछ।"

४. **<u>मूल आदेशको दफा ९ मा संशोधन</u>** : मूल आदेशको दफा ९ को उपदफा (४), (५) र (६) झिकिएका छन्।

**आज्ञाले,**
**मुकुन्द प्रसाद निरौला**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।